# आसाममाथि नेपाल 'ए' ९६ रनले विजयी

झापा(प्रस) । भारतको गुवाहिटीमा जारी टी-२० शृङ्खलाको दोस्रो खेलमा नेपाल 'ए' ले आसाम क्रिकेट एसोसिएसनको टिमलाई ९६ रनले हराएको छ।

टस जितेर सुरुमा ब्याटिङ गरेको नेपालले पूरै २० ओभर खेल्दै ७ विकेटको क्षतिमा १७३ रन बनाएको हो। १७४ रनको लक्ष्य पछ्याएको आसाम १५.२ ओभरमा सबै विकेट गुमाउँदै ७७ रनमा समेटिएको हो।

आसामलाई सस्तैमा समेट्न नेपालका स्पिनर युवराज खत्रीले चार विकेट लिए । उत्कृष्ट बलिङ गरेका खत्रीले ३.२ ओभरमा १५ रन खर्चिएर चार विकेट लिए ।

त्यसैगरी बसिर अहमदले २६ रन खर्चिएर तीन विकेट लिए भने आकाश चन्दले एक विकेट हात पारे ।

सुरुमा ब्याटिङ गरेको नेपालका लागि सन्दीप जोरा र देव खनालले समान ३५/३५ रन जोडे भने पवन सर्राफले ३१ रन जोडे ।

यसअघि बिहीबार भएको पहिलो खेलमा आसामसँग नेपाल डकवर्थ लुइस (डिएल) प्रणालीका आधारमा १५ रनले पराजित भएको थियो। आजको जितसँगै आसामसँगको पाँच खेलको सिरिजमा नेपालले १-१ बराबरी गरेको छ।

बिहीबार जितका लागि आसामले दिएको एक सय ९१ रनको लक्ष्य पछ्याइरहेको नेपालले आठ ओभरमा तीन विकेटको क्षतिमा ६४ रन बनाउँदा खेल वर्षाले रोकिएको थियो। त्यसपछि खेलको निर्णय डिएल प्रणालीमा भएको हो।

# खानेतेल भारत जाँदा नेपालमा महँगो

झापा(प्रस) । पछिल्लो छ महिनामा खानेतेलको भाउ प्रतिलिटर ४० रुपियाँसम्म वृद्धि भएको छ । नेपालमा उत्पादित तेल भारतमा निर्यात हुने क्रम बढेसँगै नेपालीमा बजारमा खानेतेलको भाउ बढेको हो ।

नेपाल खुद्रा व्यापार संघका अनुसार संघका अध्यक्ष पवित्र वज्राचार्यले नेपालमा प्रशोधन भएको तेल भारतमा आपूर्ति गर्ने प्रवृत्ति बढेका कारण नेपाली बजारमा खानेतेलको मूल्य बढेको बताए । तेलको भाउ बढेको छ तर यसको कारण भने भेटिँदैन, बिनाकारण भाउ बढाउनेको अनुगमन



पछिल्लो छ महिनामा खानेतेलको भाउ प्रतिलिटर २५ देखि ४० रुपियाँसम्म बढेको छ । गत फागुनमा प्रतिलिटर ३७० रुपियाँमा बिक्री भएको भुटेको तोरीको तेलको मूल्य अहिले प्रतिलिटर ४१० रुपियाँ पुगेको छ । यस्तै सो अवधिमा काँचो तोरीको तेलको मूल्य प्रतिलिटर ३१० रुपियाँबाट बढेर ३५० रुपियाँ, भटमास र सनफ्लावर तेल प्रतिलिटर २१० रुपियाँबाट बढेर २५० रुपियाँ पुगेको संघले जनाएको छ ।

हुनुपर्ने उनको भनाइ छ । अध्यक्ष वज्राचार्यले सरकारको अनुगमन टोली सधैँ साना खुद्रा पसलमा सीमित हुँदा बजार अनुगमनले परिणाम आउन नसकेको आरोप लगाएका छन् । चाडपर्व नजिकिएसँगै खाद्यवस्तुको भाउ महँगो भएको र आफूहरूका लागि यो नौलो नभएको उनले प्रतिक्रिया दिए ।

तेल उत्पादक उद्योगीले भने खानेतेल भारतमा निर्यात गरेर मूल्य बढेको नभई विश्वभर नै कच्चा पदार्थको मूल्यवृद्धि भएका कारण थोरै बढेको दाबी गर्दै आएका छन् । नेपालमा वस्तु मौज्दात राख्न सक्ने अवस्था नरहेको र दैनिक कच्चा पदार्थ आउने हुँदा भारतमा बढ्नेबित्तिकै नेपालमा त्यसको असर पर्ने गरेको उत्पादक उद्योगी जिकिर गर्छन् ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक भरतप्रसाद आचार्यले अन्य खाद्यवस्तुको मूल्य सामान्य रहे पनि केही समययता खानेतेलको मूल्य बढेको गुनासो आएको जानकारी दिए । उनले विभागको अबका दिनमा हुने बजार अनुगमनमा खानेतेल उत्पादक उद्योगीसँग मूल्य बढ्नुको कारण प्रमाणित हुने बिलसहितको विवरण माग्ने बताए । राष्ट्रिय उपभोक्ता तथा अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले चाडपर्व नजिकिएसँगै बजारमा सबै प्रकारका उपभोग्य वस्तुको मूल्य बढ्ने भएकाले बजारमा माग र आपूर्तिबारे सरकार जिम्मेवार हुनुपर्ने बताए ।

# कोशीमा ३ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य

झापा(प्रस) । कोशी प्रदेश सरकारले साना तथा मझौला व्यवसायको प्रवर्द्धन र उद्यमशीलताको विकासका लागि स्विस सरकारको सहयोगमा ' उदय' परियोजना सुरु गरेको छ। परियोजनाबाट प्रदेशमा रोजगारी सिर्जना हुने तथा आर्थिक समृद्धिको नयाँ ढोका खुल्ने अपेक्षा सरकारले गरेको छ।

सरकारका अनुसार 'उदय' परियोजनाअन्तर्गत स्वीकृत सेवा प्रदायकमार्फत व्यवसाय विकास सेवा उपलब्ध गराइनेछ।

६० करोडको ग्यारेन्टी फन्डमार्फत ८ अर्ब बराबरको कर्जा सुरक्षा गरिने र २८ करोडको च्यालेञ्ज फन्डमार्फत प्रवर्द्धनात्मक तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ।

यसबाहेक इनफर्मेशन पोर्टलमार्फत बजारसम्बन्धी सूचना उपलब्ध गराउने व्यवस्था पनि परियोजनाले गर्नेछ। परियोजनाअन्तर्गत बिना धितो ३० लाखदेखि ३ करोडसम्मको कर्जा उपलब्ध गराइने र त्यसका लागि बैंक छनोटको प्रक्रिया अघि बढाइएको छ।

कोशी प्रदेश सरकारका अनुसार, उदय परियोजनाले प्रदेशमा उद्यमशीलताको विकाससँगै ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने र आर्थिक आधारलाई मजबुत पार्ने लक्ष्य लिएको छ।

परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यविधि तयार भइसकेको र अब कार्यान्वयन चरणमा प्रवेश गरेको सरकारको भनाइ छ।

यो परियोजनालाई प्रदेश सरकारले प्रदेशका १४ वटा जिल्लामा पुर्‍याउने लक्ष्य राखेको छ। पहाडी क्षेत्रको बसाइसराइलाई मध्यनजर गरेर त्यहाँ सञ्चालन रहेका साना तथा मजौला उद्योगलाई प्रवर्धन गर्ने र नयाँ उद्योगहरू स्थापनाका लागि प्रोत्साहन गर्ने नीति कोशी प्रदेश सरकारले लिएको मुख्यमन्त्री हिक्मत कार्कीले जानकारी दिए।

यो परियोजना अन्तर्गत कोशी प्रदेश सरकारको क्रेडिट ग्यारेन्टीमा झण्डै ८ अरब रुपैयाँ लगानी परिचालन हुनेछ। पहिलो चरणमा चार वर्षसम्म सञ्चालन हुने यो परियोजनाबाट कोशी प्रदेशमा ३ हजार रोजगारी सिर्जना हुनेछ। परियोजनाका व्यवसाय विकास प्रमुख विष्णु काफ्लेले यो परियोजनाको प्रोजेक्ट १० वर्षसम्म सञ्चालन गर्ने गरी तयार गरिएको बताए।

# इम्बोस्ड नम्बर प्लेटको विरोधमा प्रदर्शन

झापा(प्रस) ।नेपाल कम्युनिष्ट पार्टी (बहुमत) ले इम्बोस्ड नम्बर प्लेटको विरोधमा काठमाडौँको मिनभवनमा रहेको यातायात व्यवस्था कार्यालय अगाडि



प्रदर्शन गरेको छ ।

बहुमतका नेता कार्यकर्ताहरूले शुक्रबार इम्बोस्ड नम्बर प्लेटको लिपिको विरोध गर्दै प्रदर्शन गरेका हुन् ।

उनीहरूले ब्यानर र पम्प्लेटसँगै नाराबाजी गर्दै सरकारले लागू गराउन खोजेको नम्बर प्लेट सम्बन्धी नयाँ नियमको विरोधमा नाराबाजी गरेका थिए ।

# नौमति बाजाको सेवा अब गोर्खा टेलरिङ्बाट

बिर्तामोड(प्रस) ।नेपाली राष्ट्रिय बाजाको रुपमा परिचित नौमति बाजाको सेवा अब गोर्खा टेलरिङ्बाट उपलब्ध हुने भएको छ ।

झापाको बिर्तामोडमा संचालित गोर्खा टेलरिङ् स्थापनाको दशौं वार्षिकोत्सवको अवसरमा नौमति



बाजाको सेवा उपलब्ध गराइएको गोर्खा फाउण्डेशनका अध्यक्ष तथा टेलरिङ्का संचालक वीरु दर्नालले बताए ।

नेपाली समाजमा धार्मिक , सांस्कृतिक , चाडपर्व , रोपाइँ , व्रतबन्ध , जात्रा एवम् विवाह कार्यक्रममा प्रयोग गरिदै आएको नेपाली मौलिक संस्कृतिको धरोहरको रुपमा नौमति बाजालाई लिने गरिएको छ ।

नेपाली संस्कृतिको जगेर्ना र सम्वर्द्धन गर्न परापूर्वकालदेखि पंचे बाजा तथा नौमति बाजाको प्रयोग गरिदै आएको छ । यस बाजाको सुरुवातमा परियार जातिका पुरुषले मात्र बजाउँदै आएकोमा पछिल्लो समय पूर्वमा अन्य जातिका विशेषगरी महिलाहरुले ब्यवसायिक रुपमै बजाउन थालेको पाइएको छ । त्यस्तै मध्य तथा पश्चिम नेपालमा भने परियार , जनजाति महिला एवम् खस आर्यहरुले समेत बजाउँदै आएका छन् ।

पूर्वी नेपाली समाजमा अत्यधिक रुचाइएको नेपाली मौलिक बाजा नौमतिको माग र आवश्यकता बढ्दै गएको र यसलाई समय अनुकूल थप ब्यवस्थित गरिनु आवश्यक छ । सोही अनुसार यसलाई थप लोकप्रिय बनाएर सम्पूर्ण पारखीहरुको मागलाई मध्यनजर गर्दै यो पेशालाई थप सम्मानित र ब्यवसायिक बनाउन गोर्खा टेलरिङ्ले यस वर्षदेखि नौमति बाजाको सेवा उपलब्ध गराउन सुरु गरेको संचालक दर्नालले बताए । पूर्वेली समाज देखिएको नौमति बाजाको मागलाई पुरा गर्ने उद्धेश्यले यो सेवाको प्रारम्भ गरेको दर्नालले बताए । गोर्खा टेलरिङ्का ग्राहकलाई एकै ठाउँबाट आवश्यक सेवा दिने एक अर्को उद्धेश्य रहेकोले आफ्ना ग्राहकहरुलाई थप सेवा पुग्नेमा विश्वस्त रहेको बताइएको छ ।

नौ वटा बाजाहरुको सामूहिक बाजा हो नौमति । यो पंचे बाजाको ठुलो रुप हो । यसमा दमाहा , सहनाई , कर्नाल , नरसिंहा , झ्याली ( झ्याम्टा ) , ट्याम्को , ढोलक हुन्छन् जसमा सहनाई र नरसिंहा दुई-दुई वटा हुन्छन् । यसलाई बजाउन नौ जना प्राबिधिक आवश्यक पर्ने बाजा समूहका संयोजक नरेन्द्र दर्नालले बताए ।

# अन्तर डोजो कराँते च्याम्पियनसीप आयोजना हुँदै




बिर्तामोड(प्रस) । झापाको बिर्तामोडस्थित भिक्ट्री मार्सल आर्ट्स एन्ड स्पोर्ट्स एकेडेमीले पहिलो पटक अन्तर डोजो कराँते च्याम्पियनसीप आयोजना गर्ने भएको छ । भिक्ट्रीले आगामी भदौ २० गते बिर्तामोडमा प्रतियोगिता आयोजना गर्न लागेको हो ।

खेलकुदको विकास र युवा खेलाडीहरुको प्रतिभालाई उजागर गर्ने उद्धेश्यले प्रतियोगिता आयोजना गरिएको भिक्ट्री मार्सल आर्ट्स एण्ड एकेडेमीका अध्यक्ष सूर्यबहादुर थापाले जानकारी दिए ।

अध्यक्ष थापाका अनुसार स्थानीय युवा खेलाडीहरुलाई राष्ट्रिय प्रतियोगिताका लागि तयार पार्ने, कराँते खेलको विकास र प्रवर्द्धन गर्ने, युवाहरुलाई खेलकुदमा सहभागी गराउन प्रोत्साहन गर्ने, स्वस्थ्य जीवनशैलीको महत्वबारे जनचेतना फैलाउने लक्ष्य रहेको छ ।

प्रतियोगितामा १४ बर्षमुनिका ३५ केजीसम्म समूहका ६४ जना खेलाडीलाई सहभागिता जनाउने अध्यक्ष थापाले बताए । प्रतियोगिता डब्लुकेएफ र एनकेएफको नियम अनुसार खेलाइने थापाले बताए ।

प्रतियोगितामा प्रथम हुनेले नगद ५१ हजार, दोस्रो हुनेले नगद २५ हजार र तेस्रो र चौथो हुनेले नगद ११/११ हजार रुपैयाँसहित मेडल, शील्ड, ट्रफी र प्रमाणपत्रहरु प्राप्त गर्ने बताइएको छ ।

प्रतियोगिता भिक्ट्री मार्सल आर्ट्स एण्ड एकेडेमीमा हुनेछ । प्रतियोगितामा सहभागिताका लागि सम्पूर्ण स्कूल, क्लब तथा एकेडेमीमा खेलिरहेका खेलाडीहरुलाई आयोजकले आह्वान गरेको छ ।

प्रतियोगिता सम्पन्न गर्न करिव ७ लाख रुपैयाँ खर्च हुने आयोजकले अनुमान गरेको छ । प्रतियोगिता बिर्तामोड-४ वडा कार्यालय र अभिभावकहरुसहित खेलप्रेमीहरुको सहयोगमा सम्पन्न गरिने बताइएको छ ।

## एक जोडी नग्न अवस्थामा फेला
# युवती अचेत, युवक पक्राउ



झापा(प्रस) । मोरङमा एक जोडी नग्न अवस्थामा फेला परेका छन् ।

बिहीवार राति मोरङ सुनबर्षी नगरपालिका वडा नं.७ झपडतलमा वडा नं.८ विश्वकर्मा टोल बस्ने २१ वर्षीय युवक र सोही ठाउँ बस्ने ३५ वर्षीया युवतीलाई स्थानीयले नग्न अवस्थामा फेला पारेका हुन् । त्यसबारे प्रहरी चौकी झपडतलमा जानकारी गराउनसाथ प्रहरी सहायक निरीक्षक जुगल चौधरीको कमाण्डमा खटिएको प्रहरी टोलीले पनि दुवैलाई नग्न अवस्थामा फेला पारेको थियो । युवती भने अचेत अवस्थामा भेटिएकी थिइन् ।

दुवै जनालाई रंगेली अस्पतालमा ल्याई उपचार गराइएको थियो । युवतीको होश नखुलेपछि थप उपचारको लागि कोशी अस्पताल बिराटनगर रेफर गरिएको छ । युवकलाई इलाका प्रहरी कार्यालय रंगेलीमा ल्याई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# शिवालय मन्दिरबाट दानपेटिका चोरी



कुमरखोद(प्रस) ।झापा गाउँपालिकाको एक शिवालय मन्दिरबाट दानपेटिका चोरी भएको छ ।

झापा गाउँपालिका वडा नं २ बालुवाटारमा नवनिर्मित जागेश्वर शिव पाञ्चायन मन्दिरबाट बिहीवार हराति दानपेटिका चोरी भएको मन्दिर समितिका सचिव भीम घोर्सानेले बताए ।

मन्दिर अगाडी राखिएको दानपेटिका चोरले राति पानी परिरहेको मौका छोपेर बाकस नै उठाएर लगेको मन्दिर समितिका सचिव घोर्सानेले बताए । उक्त बाकस फागुन महिनादेखि नखोली राखिएको थियो । दानपेटिकामा ८-१० हजार रुपैयाँ हुनुपर्ने उनले बताए ।

दानपेटिका चोरी भएपछि इलाका प्रहरी कार्यालय कुमरखोदलाई लिखित जाहेरी दिएको सचिव घोर्सानेले जानकारी दिए । इलाका प्रहरी कार्यालय कुमरखोदका प्रहरी नायव निरीक्षक किरन मोक्तानले दानपेटिका चोरी गर्ने व्यक्तिको खोजीकार्य भइरहेको जानकारी दिएका छन् ।


## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरुः

- बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान सुरु गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने, शरीरमा बिमिरा आउने, रिंगटा लाग्ने, वाकवाकी, वान्ता हुने, कराका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जम्मिहालेको खाल्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरुद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# उद्योग स्थानान्तरण

**सर्वोच्च अदालतले सरकारका नाममा परमादेश आदेश जारी गरेपछि अब समयसीमाभित्र उद्योग स्थानान्तरण गर्नैपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । अदालतको निर्णय मौजुदा उद्योग स्थानान्तरणसँगै सरकारलाई अर्को आदेश पनि दिएको छ । लुम्बिनी क्षेत्रमा नयाँ उद्योग अनुमति नदिन भनिएको छ । सर्वोच्च अदालतले समयसीमा र लुम्बिनी क्षेत्रको भूगोल समेट्दै आदेशमा भनेको छ, "भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको दीर्घकालीन संरक्षणका लागि यो आदेश प्राप्त भएको मितिले दुई वर्षभित्र धुलो, धुवाँ वा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने लुम्बिनीको पर्खाल घेराको पूर्व, पश्चिम, उत्तर १५ किमी दुरीसम्मका र दक्षिणमा भारतीय सीमासम्मका बन्द वा स्थानान्तरण नभएका उद्योग तथा कलकारखाना बन्द गर्नू वा स्थानान्तरण गर्नू गराउनू ।" आदेशमा पर्खाल घेराका साथै पूर्व, पश्चिम र उत्तरमा १५ किलोमिटरभित्रका उद्योगमा परमादेश कार्यान्वयन हुने भनेको छ । त्यसै गरी दक्षिणतिर भारतीय सीमासम्मको क्षेत्र तोकेको छ । न्यायाधीशद्वय कुमार रेग्मी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले यो परमादेश जारी गरेको हो । वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मासमेतले लुम्बिनी क्षेत्रको धार्मिक र जैविक विविधता संरक्षण गर्न न्यायको माग गर्दै सर्वोच्च अदालत पुगेका थिए । यो आदेश जारी गर्न सर्वोच्च अदालतले नेपाल औद्योगिक प्रवर्धन बोर्डको २०६६ को निर्णयलाई मुख्य आधार मानेको छ । प्रदूषणजन्य उद्योगका कारण विश्वसम्पदा सूचीमा रहेको यो ऐतिहासिक, धार्मिक र सांस्कृतिक धरोहर जोखिममा थियो । जोखिम बढ्दै जाँदा युनेस्कोले लुम्बिनीलाई विश्वसम्पदा सूचीबाट हटाउन सक्ने आशङ्का पनि पैदा भएको थियो ।**

**सर्वोच्च अदालतको आदेशबाट कतिपय उद्योगधन्दा गम्भीर रूपमा प्रभावित हुने छन् । ती उद्योगमा ठूलो लगानी छ । धेरैले रोजगारी पाएका छन् । देशको अर्थतन्त्रमा राम्रो योगदान दिन सक्ने धेरै उद्योगधन्दा सो क्षेत्रमा बसौँदेखि छन् । उद्योग स्थानान्तरण सहज त अवश्य पनि होइन । तथापि देशको मात्र नभई विश्वकै सम्पदा लुम्बिनीको दीर्घकालीन संरक्षण युगीन दायित्व हो । यो क्षेत्रलाई प्रदूषणमुक्त बनाउने धेरै प्रयास असफल हुँदै आएको पनि विदितै छ । कतिपय चुक पनि भएका छन् । कार्बन उत्सर्जन गर्ने नयाँ उद्योग दर्ता गर्न नदिने निर्णय पनि कार्यान्वयनमा आउन सकेको थिएन । २०६६ मङ्सिर २० गतेअघि दर्ता भई सञ्चालनमा रहेका उद्योगको हकमा पहिलो प्राथमिकतामा उद्योग स्थानान्तरण गर्ने र यसरी सञ्चालित उद्योगहरूको पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत् क्षमता थप गर्न स्वीकृति प्रदान नगर्ने औद्योगिक प्रवर्धन बोर्डका निर्णय कार्यान्वयन हुन सकेको भए अदालतसम्म पुग्नुपर्ने अवस्था नआउन पनि सक्ने थियो । अदालतको नयाँ परमादेशले बृहत्तर लुम्बिनी क्षेत्रको दीर्घकालीन संरक्षणमा योगदान पुग्न सक्ने छ । उद्योग स्थानान्तरण भएपछिको खाली जग्गामा पर्यटनमैत्री व्यवसाय सञ्चालन गर्न चाहेमा आवश्यक सहुलियत सुविधा उपलब्ध गराउन पनि अदालतले आदेशले आदेश दिएको छ । यसले क्षति न्यूनीकरण हुन सक्छ । तत्काललाई कतिपय उद्योगलाई ठूलै आर्थिक भार पर्ने देखिए पनि आदेश कार्यान्वयनले विश्वसम्पदा संरक्षण गर्न सहज हुने देखिन्छ ।**




# कानुन निर्माणका चुनौती



• सुदर्शन खड्का

प्रतिनिधि सभा राज्य व्यवस्था समितिले निजामती विधेयक पारित गऱ्यो । उक्त विधेयकको प्रतिवेदन समितिले पारित गरेको भन्दा फरक भएको भन्दै उक्त विषयले व्यापक चर्चा पायो । सो विषयमा छानबिन गर्न संसदीय विशेष समिति गठन भई प्रतिवेदन बुझाइसकेको छ । यो विषयले संसदीय अभ्यासमा विशेष मह[illegible]व राखेको छ । संसद्मा विधेयकका सम्बन्धमा एउटा विषयमा छलफल गरिन्छ तर पारित अर्कै गरिन्छ । कहिले पारित भएको विषय एउटा हुन्छ तर प्रतिवेदन अर्को बन्छ, कहिले दुवै सभाबाट पारित विधेयक फिर्ता आउँछ । कहिले विधेयक नै फिर्ता लिनुपर्ने हुन्छ । यसबाट कानुन निर्माण प्रक्रियामा समस्या र चुनौती रहेको स्पष्ट हुन्छ ।

**पारदर्शिताको अभाव**

कानुन निर्माणका लागि संविधानले निर्धारण गरेको व्यवस्थापन विधि र संसद्का नियमावली एवं विधि निर्माणका सिद्धान्तले पारदर्शिताको अपेक्षा राख्छन् । कानुन निर्माणमा सरोकारवालाको व्यापक सहभागिता अपेक्षा गरिन्छ । जुन वर्गका लागि कानुन निर्माण गरिने हो, सो वर्गका नागरिक, नागरिकका समूह, विज्ञ, विशेषज्ञसँगको छलफल, परामर्श र राय सुझाव लिनुपर्ने हुन्छ । हाम्रो कानुन तर्जुमा प्रक्रियामा गोपनीयताले प्रश्रय पाएको छ । सरोकारवालाले थाहा नपाएकै अवस्थामा विधेयक संसद्मा दर्ता गरिन्छ । बिचौलिया र स्वार्थ समूहको प्रभाव मसौदाको चरणदेखि नै रहेको आरोप लाग्ने गरेको छ । सरकारले ल्याएका कतिपय विधेयक संसद्बाट फिर्ता भएका र ल्याउने भनिएका विधेयकबाट सरकार पछि हटेको अवस्था छ । पछिल्लो समयमा सरकारबाट आएका सबै जसो विधेयकका सम्बन्धमा सरोकारवालाको विरोध रहँदै आएको छ । गुठी सम्बन्धमा व्यस्वथा गर्न बनेको विधेयक, विद्यालय शिक्षासम्बन्धी विधेयक, मिडिया काउन्सिल विधेयक, विद्युत् विधेयक, भूमि विधेयक, सामाजिक सञ्जालसम्बन्धी विधेयकलगायतका विधेयकमा सरकारले चर्को दबाब सामना गरी केही फिर्ता गर्ने र केही विधेयकका सम्बन्धमा सम्झौता गर्नु परेको छ ।

**स्वार्थको द्वन्द्व**

हाम्रो कानुन निर्माण प्रक्रियामा स्वार्थको द्वन्द्वले समेत प्रभाव पारेको छ । स्वार्थको द्वन्द्व हुने विषयमा निर्णय प्रक्रियामा आफू संलग्न हुनु हुँदैन भन्ने सभाका नियमावलीमा व्यवस्था रहे पनि स्वार्थको द्वन्द्व हुने गरी सदस्य समितिमा बस्ने, छलफलमा भाग लिने र निर्णय प्रक्रियामा प्रभाव पार्ने कार्य देखिएको छ । बाफिया विधेयक, सहकारी विधेयक यसका उदाहरण हुन् । यसका अलावा स्वार्थ समूहको चर्को दबाब र प्रभाव पनि कानुन निर्माणमा ठुलो चुनौती बनेर आएको छ । स्वार्थ समूहको प्रतिनिधित्व संसद्मा भए वा नभए पनि कानुन मसौदादेखि पारित नहुँदासम्म चलखेल हुने गरेको र कतिपय कानुन स्वार्थ समूहको हितमा ल्याइएको आरोप संसद्भित्रै सुन्न पाइन्छ ।

**जनसहभागितामा कमी**

लोकतान्त्रिक मुलुकमा जनताको इच्छा र आकाङ्क्षा सम्बोधन गर्न कानुन निर्माण गर्दा जनसहभागिताको अपेक्षा राखिएको हुन्छ । कानुनको वैधताका लागि पनि जनसहभागिता अपरिहार्य हुन्छ । हुन त विधायिकी संस्था आफैँमा जनप्रतिनिधिमूलक संस्था भए पनि कतिपय अवस्थामा कानुन निर्माण गर्दा जनताको सहभागिता अपरिहार्य हुन्छ । हाम्रो सभाका नियमावलीमा विधेयकलाई जनताको प्रतिक्रिया प्राप्त गर्न प्रचार गरियोस् भन्ने प्रावधान रहे पनि त्यसको प्रक्रिया निर्धारण र कार्यान्वयन हुन सकेको छैन ।

**प्रक्रियागत कमजोरी**

विधि व्यस्थापनको प्रक्रियागत व्यवस्था संविधान र सभाका नियमावलीमा उल्लेख भएका हुन्छन् । परम्परागत रूपको व्यवस्थापन प्रक्रियाका कारण गुणस्तरीय कानुन निर्माणमा चुनौती देखिएको छ । कतिपय विधेयक सरकारी विधेयकका रूपमा मात्र प्रस्तुत हुने, पुरातन शैलीमै विधेयक मसौदा भई आउने र विधेयक माथि संशोधन राख्न ७२ घण्टाको संशोधनको समय ज्यादै अपर्याप्त हुने गरेको छ । समय अपर्याप्त भएको कारण जनाउँदै सदस्यले निर्धारित ढाँचामा संशोधन पेस नगर्ने, सदस्यले अत्यधिक संशोधन राख्ने, दोहोरो तेहेरो र एक आपसमा बाँझिने संशोधनसमेत स्वीकृत हुने, कुनै समयमा दुई तीन वटा विधेयक संशोधनको समय एकै हुनाले सदस्यले विधेयक अध्ययन नै गर्न नभ्याउने अवस्था छ ।

संशोधन विधेयकको हकमा विधेयकको ढाँचा प्राविधिक किसिमको हुने र संशोधनको व्यहोरा मात्र हुने भएकाले मूल ऐनसँग भिडाएर हेर्नुपर्ने अवस्थामा छ, सदस्यलाई मूल कानुनको उपलब्धता नहुने, जसका कारण सदस्यले अरूको भर पर्नुपर्ने अवस्था छ । स्वार्थ समूहबाट तयार गरिएका संशोधन हुबहु धेरै समूहका सदस्यले राख्नु, संशोधन फारामको ढाँचासमेत व्यावहारिक नहुनु, सबै संशोधनकर्तालाई बोलाई छलफल गर्ने अभ्यासले विधेयक पारित गर्न धेरै समय लाग्नु, सदस्यले विधेयकको संशोधनमाथि छलफल हुँदा ठोस सुझाव एवं संशोधन नराखी गोलमटोल हिसाबले विषय राख्नु जस्ता समस्या देखिएका छन् ।

**सरकारी उद्देश्य**

सत्तामा रहने जुनसुकै दलले पनि संसद्लाई कानुन निर्माणका सम्बन्धमा प्रभाव पार्ने गरेको पाइन्छ । कानुन निर्माणको वार्षिक क्यालेन्डर निर्माण गरी संसद्बाट प्रक्रियागत रूपमा विधेयक पारित गराउनुपर्नेमा हतार हतारमा विधेयक ल्याई पारित गराउन खोजेको देखिन्छ । विधेयकमाथि प्राप्त संशोधनलाई समितिमा सरोकारवाला, विज्ञ, विशेषज्ञसँग छलफल गराई पारित गर्नुको सट्टा सभाबाटै छोटो प्रक्रिया अपनाई पारित गराउने उद्देश्यले कतिपय विधेयक ल्याएको देखिन्छ ।

सत्ता पक्षका सदस्यलाई विधेयकका सम्बन्धमा विवेक प्रयोग गर्न नदिनु पनि चुनौती हो । संविधान एवं कानुनले नरोके पनि कतिपय विधेयकमा सत्ता पक्षले विधेयकका सम्बन्धमा स्वतन्त्रतापूर्वक संशोधन राख्न नदिएको गुनासो स्वयम् सदस्यबाट आएको छ ।

**सदस्यको बाध्यता**

संसद् सदस्यलाई विधायिकी कार्यका साथसाथै विकास निर्माणका कार्यदेखि जिल्लावासीका बिहे, व्रतबन्ध, न्वारन पास्नी, शोकलगायत बिरामी भएको अवस्थामा समेत भेट्न जानुपर्ने बाध्यता छ । यस्ता फजुल कार्यमा समेत सदस्यले आफ्नो समय लगाउनुपर्दा सदन र समितिका छलफलमा भाग लिन नपाउने, भाग लिए पनि हाटा गर्नुपर्ने, बैठकमा ध्यान केन्द्रित नहुने, कानुन निर्माणतर्फ ध्यान दिएर राम्रो कानुन बनाउनुभन्दा धारा, पाटी, पुल, सडक जस्ता विकास खोज्ने जनताको मानसिकता पनि कानुन निर्माणमा चुनौती हो ।

**स्वअध्ययनको कमी**

विधेयकमा संशोधन राख्दा स्पष्ट र बुझिने हुनु पर्छ । संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानुनसँग बाझिनु हुँदैन । नियमावलीमा भएको संशोधनसम्बन्धी सर्त विपरीत हुनु हुँदैन । संशोधनका प्राविधिक विषय सदस्यले बुझ्नु पर्ने हुन्छ । विषय नबुझ्दा कुन दफा, उपदफा, खण्ड, उपखण्डमा संशोधन गर्न खोजिएको हो, सो स्पष्ट नहुने, संशोधन गर्न खोजिएको व्यहोरा नलेखी सैद्धान्तिक विषय उल्लेख गरी संशोधन आउने, विधेयकको अङ्ग नै नबन्नेमा समेत संशोधन प्रस्ताव पेस हुने गरेका छन् ।

एउटै सदस्यले एकआपसमा बाझिने गरी दुईथरी संशोधन प्रस्ताव पेस गर्ने, विभिन्न स्वार्थ समूहबाट तयार गरिएका एकै व्यहोराको संशोधन प्रस्ताव धेरै सदस्यबाट पेस हुने, देहायबमोजिम हुनुपर्ने भनी संशोधन फाराममा उल्लेख हुने तर देहायमा केही पनि नहुने, संशोधनको व्यहोरा लेख्नुपर्नेमा व्यहोरा नलेखेर संशोधन गर्नुपर्ने कारण मात्र उल्लेख गर्ने गरिएको पाइन्छ ।

संशोधन विधेयकमा समावेश नभएका मूल ऐनको दफामा संशोधन प्रस्ताव पेस हुने गरेको, विधेयकमा थप गर्नुपर्ने विषय भनी दफा नखुलाई अमूर्त एवं सैद्धान्तिक विषय मात्र संशोधन फाराममा आउने गरेको पाइएको छ । कुनै संशोधन त विधेयक नै आवश्यक नभएकाले पूरै दफा हटाउनुपर्ने भनेर आउने गरेको छ । कतिपय प्रस्तावमा भाषागत शुद्धता र स्पष्टता नरहेको, ७२ घण्टाको समय सीमाको अन्तिम समयमा संशोधन दर्ता गर्न आउने, संशोधनका सर्त सम्बन्धमा नियमावलीमा व्यवस्था गरिए पनि संशोधनसम्बन्धी सर्त पालना नहुनाले कतिपय संशोधन सभामुख र अध्यक्ष तहबाट अस्वीकृत भएको पाइन्छ भने कतिपय संविधान र नियमावलीविपरीतका संशोधन पनि स्वीकृत भएको पाइन्छ ।

संशोधन प्रस्तावमा सदस्यको स्वकीय सचिवको हस्ताक्षर गरेर आउने गरेको देखिन्छ । अङ्ग्रेजी भाषामा समेत संशोधन प्रस्ताव पेस हुने गरेको, कतिपय संशोधनमा स्वकीय सचिवले सदस्यको डिजिटल हस्ताक्षर राखी दर्ता गर्ने हुँदा सम्बन्धित सदस्यलाई थाहा नै नहुने गरेको पाइन्छ । यसबाट सदस्यमा स्वःअध्ययनको कमी, विज्ञ विशेषज्ञको सुझाव लिन नसक्नु, आफ्नो जिम्मेवारीमा सहयोग गर्न सक्ने स्वकीय सचिव राख्न र परिचालन गर्न नसक्नु जस्ता समस्या र चुनौती छन् ।

**विधायन शैली**

हाम्रो विधायन तर्जुमाको शैलीमा समेत समस्या छ । विधायन मसौदाको शैली परम्परागत स्वरूपकै छ । विधायनको मसौदा अमूर्त, अनिश्चित र अस्पष्ट नभई स्पष्ट र अर्थपूर्ण हुनु पर्छ भनिन्छ । त्यसै गरी विधायनले सम्बन्धित विषयजवस्तु अर्थात् नीतिलाई वास्तविक र ठिक ढङ्गबाट प्रस्तुत गर्नु पर्छ । विधायनमा प्रयुक्त विषयवस्तु र भाषा स्पष्ट हुनु पर्छ । सर्वसाधारण र खास गरी सरोकारवालाले बुझ्ने हुनु पर्छ । राम्रो विधायन हुनका लागि राम्रो नीति, राम्रो प्रक्रिया, संविधान, कानुनी प्रणाली र अन्तर ाष्ट्रिय दायित्व अनुकूल रहेको विधायनको राम्रो स्वरूप र राम्रो शैलीबाट प्रस्तुत भएको हुनु पर्छ ।

**अनुसन्धान र प्रशिक्षण**

कानुन निर्माण प्रक्रिया अनुसन्धानमा आाधारित हुन सकेको छैन । सरकारले पर्याप्त अध्ययन अनुसन्धान गरी नयाँ कानुन ल्याउने वा भइरहेको कानुनलाई संशोधन एवं खारेज गर्न प्रस्ताव गर्नु पर्नेमा सो हुन सकेको पाइँदैन । त्यसै गरी संसद् आफैँले अध्ययन अनुसन्धान गरी कानुन निर्माण प्रक्रियालाई तथ्य र प्रमाणमा आधारित तुल्याउनु पर्नेमा सोसमेत हुन सकेको छैन । सरकारले संसदीय अध्ययन अनुन्धान तथा प्रशिक्षणलाई आवश्यक जनशक्ति र स्रोत साधन उपलब्ध गराउन सकेको छैन ।

**सुधारको बाटो**

कानुन निर्माणमा देखिएका उल्लिखित समस्या र चुनौती समाधान गरी कानुन निर्माण प्क्रियालाई प्रभावकारी तुल्याउनु आवश्यक छ । कानुन निर्माणमा जनसहभागिता, पारदर्शिता, जिम्मेवारी बोध, सरकारको संसद्प्रतिको उत्तरदायीपूर्ण व्यवहार एवं सफा नियत, कानुन निर्माणमा प्राथमिकता, प्रक्रियागत सुधार, विधायन शैलीमा सुधार, विज्ञ, विशेषज्ञको उपयोग, अनुसन्धान सेवा र क्षमता अभिवृद्धिलाई प्राथमिकता, सदस्यमा स्वअध्ययनको विकास, जस्तोसुकै कानुन ल्याउन खोजे पनि सुझावभन्दा विरोध गरिहाल्ने मानसिकतामा सुधार हुन सकेमा कानुन निर्माणमा देखिएका चुनौती समाधान हुन सक्छ ।

# दिगो मानव विकासका लक्ष्य

• भरत गौतम

पूर्वाधार विकासलाई मात्र विकास ठान्ने भाष्यले अल्पविकसित विकसित देश प्रभावित छन् । विकासको गोलार्द्धमा राजनीतिक, सामाजिक, आर्थिक विकासको सवालसँगै पर्यावरण संरक्षणको मुद्दा पनि अग्रभागमा छ । राजनीतिक परिपक्वता र जवाफदेही नेतृत्वबिना विकासको प्रवाह जनमनमा पुग्दैन । प्रतिव्यक्ति आय र कुल गार्हस्थ उत्पादन वृद्धिले मात्र पनि विकास न्यायोचित हुँदैन । समग्रतामा अनुभूति हुने गरी मानव सक्रियताले ल्याएको रूपान्तरणले मात्र विकासको बुझाइ दिगो हुन्छ । सामाजिक न्यायको अनुभूति नभई विकासको रूपलाई बुझ्न सकिन्न । पहिचान र पहुँचले मात्र विकासका एजेन्डा सबल हुन्छ ।

पृथ्वीले धान्न सक्ने क्षमतामा मानिस समृद्ध र सुखी बन्ने अवधारणा बन्नुपर्ने हुन्छ । शान्ति र सुरक्षाको सवाल पनि रूपान्तरणका आधार हुन । पृथ्वीको सुरक्षाका लागि मान्नुपर्ने सिद्धान्त र मान्यताको सवालमा पनि साझा धारणा भए दिगो विकास लक्ष्य प्राप्त गर्न सकिन्छ । दिगो विकास लक्ष्यले १५ वर्षमा गर्ने १७ लक्ष्य निर्धारण गऱ्यो । दिगो विकास लक्ष्यका आर्थिक, सामाजिक र वातावरणीय आयाममा विश्वव्यापी समृद्धिको सिर्जना, वितरण र दिगोपनाको कार्यसूची बनेको छ । दिगो विकास लक्ष्यको पिपुल, प्लानेट, पिस, प्रोस्परिटी र पार्टनरसिपभित्र १७ लक्ष्य समूहकृत गरिएको छ । ती लक्ष्यको मापन गर्न २३४ विश्वव्यापी सूचक तोकिएको छ । दिगो विकास लक्ष्यको पिपुल समूहभित्र पाँच लक्ष्य रहेका छन् । मानव विकासको मार्गचित्रको रूपमा सुखी र सक्षम मानवका लागि विभिन्न क्रियाकलापको अवधारणा तय भएका छन् ।

दिगो विकास लक्ष्यको पहिलो मानवीय विकासको लक्ष्य सबै क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने रहेको छ । विश्वमा दैनिक १.२५ डलरभन्दा कम आय हुने अति गरिबमा पर्ने उल्लेख छ । गरिबी निवारणमा चीनको प्रगति गर्व गर्नलायक भएको छोटो समयमा करिब १७ करोड मानिसलाई गरिबीको रेखामाथि लगेको छ । मानिसको जीवन जिउने अवसर र सक्रियता कम हुँदा गरिबी बढ्ने हो । पहिचान र पहुँचमा हुने अवरोधले पनि गरिबी निवारणमा समस्या छ । शान्ति सुरक्षाको गडबडीले पनि मानिस विस्थापित भई गरिब हुन्छन् । यी समस्याको समाधान गर्न शासकीय चातुर्यता र निजी क्षेत्रको साझेदारी प्रभावकारी भए गरिबी कम गर्न सकिन्छ । नेपालमा गरिबी निवारणका लागि समावेशी अवसर, गुणस्तरीय शिक्षा, उद्यमशीलता र व्यावसायिक वातावरण एवं नागरिकले रुचाएको समुन्नत राजनीतिक सोचको आवश्यकता छ । तथ्याङ्कको हिसाबले नेपालमा निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या १८.७ प्रतिशत रहेका र बहुआयामिक गरिबी २८.६ प्रतिशत रहेको छ । ५० भन्दा बढी गरिब लक्षित कार्यक्रम दिगो लक्ष्य पूरा गर्न सञ्चालित छन् भने कार्यक्रमको प्रभावकारितामा प्रश्न छन् ।

भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने दोस्रो मानव विकाससँग सम्बन्धित लक्ष्य रहेको छ । गरिबीले भोकमरीको समस्या ल्याएको हुन्छ । मानिसको अति आवश्यक वस्तु खाद्यान्न जीवन निर्वाहको महत्वपूर्ण आधार हो । मानिस स्वस्थ हुन पोषणयुक्त खाना खानु पर्छ । भोकमरीको अन्त्य, खाद्यान्न र पोषणयुक्त खानाका लागि उन्नत कृषि कर्म गर्नु पर्छ । अहिले जलवायु परिवर्तन, विश्व शान्तिको समस्या र कृषिकर्ममा मानिसको घट्दो आकर्षणले भोकमरी र खाद्य सुरक्षामा चुनौती देखिएको छ । मानव विकासमा देखिएको यो चुनौतीले गरिब राष्ट्र बढी प्रभावित छन् । नेपालमा जलवायु परिवर्तनको असर, कृषि कर्ममा गिर्दो आकर्षण र कृषि उत्पादनका लागि उपयुक्त पूर्वाधारको विकास जस्ता कारणले कृषिमा आत्मनिर्भरभन्दा परनिर्भर हुन लागेको अवस्था छ । कृषिमा अवसर हुँदाहुँदै पनि प्रतिवर्ष खाद्यान्न आयात बढ्दो छ । विश्वमा सङ्कट आए खाद्य अभावले विकराल अवस्था आउन नदिन तथा स्वस्थ जीवन जीउन आवश्यक पर्ने खाद्यान्नमा आत्मनिर्भर हुन कृषि उद्यमशीलतामा ध्यान जान आवश्यक छ । उन्नत कृषि उत्पादन र पशुपालनमा सरकारले समग्र नीति र कार्यशैलीमा सुधार गरी भोकमरी, खाद्य सुरक्षा र पोषण प्राप्त गर्ने आधार बनाई दिगो लक्ष्य पूरा गर्न सकिन्छ ।

सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने तेस्रो मानव विकाससँग सम्बन्धित लक्ष्य लिइएको छ । स्वास्थ्यका क्षेत्रमा रहेका समस्या कम गर्ने उद्देश्यले मातृमृत्युदर तथा बालमृत्युदर घटाउने, एड्स मलेरिया टिभी जस्ता सर्ने रोगको नियन्त्रण गर्ने र नसर्ने रोगको न्यूनीकरण गर्ने लक्ष्य रहेका छन् । लागुऔषधविरुद्ध सचेतता बढाउने, सडक दुर्घटना रोक्ने, खोपको सुनिश्चितता र परिवार नियोजनका कार्यक्रम प्रभावकारी बनाउने एवं स्वास्थ्य सेवामा सबैको पहुँच बढाउने विषयहरू लक्ष्यका क्रियाकलापमा समेटिएका छन् । नेपालले मातृमृत्यु दर कम गर्ने जस्ता विषयमा प्रगति गरेको छ । नसर्ने रोगको नियन्त्रण, लागुऔषध तथा अन्य नशालु पदार्थको सेवन, सडक दुर्घटना नियन्त्रण जस्ता विषयमा अपेक्षित प्रगति हुन सकेको छैन । दिगो विकास लक्ष्यमा स्वास्थ्यका केही क्षेत्रमा प्रगति हुने देखिए पनि लगानी बढाइ अरू लक्ष्य प्राप्त गर्न सकिन्छ ।

सबैका लागि समावेशी तथा समतामूलक गुणात्मक शिक्षा सुनिश्चितता गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसर प्रवर्धन गर्ने चौथो मानव विकाससँग सम्बन्धित लक्ष्य हो । शिक्षाबिना कुनै विकासका पूर्वाधार हुन सक्दैन । शिक्षाप्राप्त गर्ने नैसर्गिक अधिकार पनि हो । शिक्षाले जीवनस्तरको दिशानिर्देश गर्छ । सक्षमताका लागि नवीन सोचको सिकाइ अनिवार्य हो । सबैले शिक्षा प्राप्त गर्ने अवसरले सबै वर्ग समुदायका लागि शिक्षा र सिकाइका अवसरले मात्र समुन्नत जीवन जिउने आधार बन्छ । जीविको पार्जन र व्यावसायिक जीवन जिउने आधार बनाउन मानव विकासको जग बलियो बन्नु पर्छ । नयाँ प्रवर्तन र प्रविधिको सिप नभई विश्वव्यापी रूपमा सक्षमता हासिल गर्न सकिन्न । वर्ग विशेषका क्षमता हेरी शिक्षा र सिपका लागि लगानी बढाउनु दिगो विकास लक्ष्य हासिल गर्ने आधार हो । नेपालले गुणात्मक शिक्षाका लागि लगानी बढाएको छ । सबैका लागि शिक्षा भन्ने अभियानलाई जोड दिँदै माध्यमिक तहसम्म निःशुल्क शिक्षामा जोड दिएको छ । प्राविधिक शिक्षामार्फत सिप विकासका लागि विभिन्न पहल भएका छन् । उच्च शिक्षाका विभिन्न अवसर बढेका छन् । शिक्षा जीवन उपयोगी भएन र शिक्षा प्रणालीमा विश्वासको क्षयीकरण हुँदै गएको आरोप छ । समग्रतामा गुणात्मक शिक्षाका लागि सुधारसँगै लगानी बढाउन सके लक्ष्य प्राप्त गर्न सकिन्छ ।

लैङ्गिक समानता हासिल गर्न र सबै महिला,

❖ बाँकी तेस्रो पृष्ठमा

# शिक्षकहरू फेरि आन्दोलित

झापा(प्रस) । बहुप्रतीक्षित 'विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०' भदौ ६ गते संसद्मा पेस भएको छ। प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति अम्मरबहादुर थापाले लामो छलफलपछि उक्त विधेयक पेस गरेका हुन्।

अब संसद्मा पेस भएको शिक्षा विधेयक थप प्रक्रियागत रूपमा अघि बढ्नेछ। तर नेपाल शिक्षक महासंघ भने यतिखेर आन्दोलन गरिरहेको छ। नेपाल शिक्षक महासंघले गत शुक्रबार पत्रकार सम्मेलन गर्दै भदौ ११ गतेदेखि सडक प्रदर्शन गर्ने घोषणा गरेको थियो।

बिहीवार महासंघले नेकपा एमालेको कार्यालय च्यासलमा धर्ना दिए। धर्नापछि एमालेका महासचिव शंकर पोखरेललाई ध्यानाकर्षणपत्र बुझाए। शुक्रवार भने नेकपा माओवादी केन्द्रको कार्यालय पेरिस डाँडामा गएर धर्ना दिएका छन्। भदौ ११ गते भने नेपाली कांग्रेसको कार्यालय सानेपामा धर्ना दिएका थिए।

शिक्षकहरूकै कतिपय मागअनुसार शिक्षा विधेयक संसद्मा पेस भएको छ। शिक्षा समितिले सहमति जुटाइसकेको शिक्षक बढुवा, शिक्षकसम्बन्धी पदपूर्ति, शिक्षकको कार्यसम्पादन मूल्यांकन गणना, काजलगायत विषयमा शिक्षक महासंघको मागअनुसार हेरफेर नै गरिएको छ। शिक्षा समितिले पहिला शिक्षकको कार्यसम्पादन मूल्याङ्कनमा ९० प्रतिशत राख्ने सहमति जुटाएको थियो।

तर शिक्षकहरूले यसमा विरोध जनाउँदै घटाउनुपर्ने माग गरेपछि शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको गणना गर्दा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन घटाएर औसतमा ८० प्रतिशत राख्ने सहमति भएको छ।

यसैगरी शिक्षक बढुवाअन्तर्गत समावेश भएको आन्तरिक प्रतियोगिता र आवधिक बढुवाको सट्टा आन्तरिक प्रतियोगिता, जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन र कार्यक्षमता मूल्याङ्कनको आधारमा शिक्षक बढुवा गर्ने व्यवस्था गरिएको छ।

अन्यमा प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक नियुक्ति हुने व्यवस्था गरिएको छ। कार्यरत तथा अनुदान कोटामा कार्यरत शिक्षकहरूमध्येबाट पहिलो पटक रिक्त दरबन्दीको ६० प्रतिशत सीमित प्रतिस्पर्धाको आधारमा र बाँकी ४० प्रतिशत सिटमा खुला प्रतियोगिताको आधारमा शिक्षक छनोट गरिने व्यवस्था गरिएको छ।

त्यसैगरी राहत शिक्षक, अनुदान कोटा, विशेष शिक्षक तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटाका र शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक र कक्षा ११ वा १२ मा अध्यापन गरिरहेका शिक्षक र प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत बालविकास सहजकर्तालाई पहिलोपटक सञ्चालन हुने परीक्षामा भाग लिन उमेरको हद नलाग्ने व्यवस्था गरिएको छ। यसरी व्यवस्था हुँदा पनि शिक्षकहरू विरोध जनाइरहेका छन्।

नेपाल शिक्षक महासंघका महासचिव तुलाबहादुर थापाले शिक्षा विधेयकमा शिक्षकहरूको माग समावेश नभएको भन्दै चरणबद्ध आन्दोलन गर्न बाध्य भएको बताए। 'शिक्षक कर्मचारीका मुख्य सरोकारका र विगतका सहमतिमा रहेका थुप्रै विषय अझै पनि सम्बोधन हुन सकेका छैनन्', उनले भने, 'त्यसैले आन्दोलन गर्न बाध्य भयौं, सम्बोधन हुन छुटेका सबै विषय सहमतिअनुसार प्रतिवेदनमा समावेश गर्न सरकारसँग जोडदार माग गर्दछौं।'

उनका अनुसार शिक्षा विधेयकमा अस्थायी प्रकृतिका शिक्षकको स्थायित्व लागि तोकिएको आन्तरिक परीक्षाको प्रतिशत सहमति ७५ (आन्तरिक) अनुसार नहुनु, गोल्डेन हेन्डसेक अन्तर्गत दिइने रकम किटान गरी नतोकिनु, स्थायी शिक्षकको आवधिक बढुवाको प्रबन्ध समावेश छैन।

सम्पूर्ण अस्थायी अवधिको गणना नहुनु, म्याद सकिएका अध्यापन अनुमतिपत्रको म्याद थप्ने कुरा नसमेटिनु, शिक्षकको विभागीय कारबाहीको व्यवस्था सहमति अनुसार नगरिनु, विद्यालय कर्मचारीको पद र बेतन सुनिश्चित नहुनुले आन्दोलन गर्न बाध्य भएको उनले बताए।

'बालकक्षा शिक्षकको पद र सेवा सुविधा निश्चित नहुनु, संस्थागत विद्यालयका शिक्षकको सेवा, सुविधा र पेसा सुरक्षाको उचित प्रबन्ध नगरिनु, सहमति विपरीत अन्यायपूर्ण र अव्यावहारिक सरुवा प्रणालीको व्यवस्था ल्याइनु, पेसाकर्मीको सम्मतिबिना र त्यस्तै कुनै आकर्षक प्रस्तावबिना शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण गर्ने प्रबन्ध गर्नु दुःखद हो,'उनले भने।

उनका अनुसार स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी करार शिक्षकका लागि आन्तरिक प्रतिस्पर्धाको व्यवस्था गरिएको छैन। सिकाइ अनुदान शिक्षकको कोटा दरबन्दीमा रूपान्तर नहुनु, प्रधानाध्यापकको ट्रेड युनियन अधिकारमा हमला गरिनु, सोझै प्राथमिक द्वितीय र निम्न माध्यमिक द्वितीय नियुक्त भएका शिक्षकको पद क्रमशः निम्न माध्यमिक र माध्यमिक तहमा समायोजनको व्यवस्था नभएकाले सच्याउनुपर्ने महासंघको माग छ।

'पुनर्बहाली भएका द्वन्द्व पीडित शिक्षकले सेवाबाट बाहिरिन चाहेमा बीचको अवधि गणना गरी उपदान वा निवृत्तिभरण दिनसक्ने व्यवस्था नहुनु, शिक्षण काउन्सिलको व्यवस्था नहुनु, राष्ट्रिय परीक्षा बोर्डमा महासङ्घको प्रतिनिधित्व नहुनु लगायत अन्य थुप्रै विषय सम्बोधन नभएका देखिन्छन्, त्यही भएर आन्दोलनमा उत्रिएका हौं,' उनले भने।

महासंघका महासचिव थापाले माग सम्बोधन नभएसम्म आन्दोलन नरोक्ने उनले बताए। भदौ २१ गते दोस्रो चरणको आन्दोलन कार्यक्रम सार्वजनिक गर्ने र उक्त चरणको आन्दोलन कडा हुने उनको भनाइ छ।

शिक्षा समितिका सभापति अम्मरबहादुर थापाले शिक्षकहरूको माग शिक्षा विधेयकमा समावेश गरिएको भन्दै आन्दोलन नगर्न आग्रह गरे। उनले शिक्षा विधेयक संसद्मा पेस भएकाले दीपावली मनाउनुपर्ने बेला आन्दोलन गर्नु ठिक नभएको पनि बताए।

उनले भने, 'यो विधेयक बनाउन ठूलो मिहिनेत र परिश्रम लागेको छ, शिक्षा समिति, उपसमितिले दुःख कष्ट उठाएको छ,दीपावली मनाउनुपर्ने ठाउँमा फेरि विरोध गर्ने राम्रो काम भएन, शिक्षा विधेयकले ऐतिहासिक बाटो अवलम्बन गरेको छ। त्यसैले विरोध गर्ने बाटोमा नलाग्न आह्वान गर्छु।'

उनका अनुसार १३६ वटा बैठकमध्ये ४६ बैठकमा शिक्षा विधेयकमाथि छलफल भएको छ। समिति परामर्श तथा समन्वय उपसमितिको २५ बैठक बसिएको थियो। शिक्षा विधेयमा साविकको १६३ दफामध्ये ५८ वटा दफा परिमार्जन गरिएको छ भने १३ वटा नयाँ दफा थप गरिएको छ।

३ वटा दफा हटाइएको छ। ६५ दफामा सरकारले प्रस्ताव गरेकै स्वरूपमा शिक्षा विधेयक समितिबाट पारित भएका छन्। यसअघि सरकार र नेपाल शिक्षक महासंघबीच वैशाख १७ गते असार १५ गतेभित्र शिक्षा विधेयक जारी गर्नुपर्नेसहित ९ बुँदे सहमतिपछि शिक्षकहरू २९ दिनसम्म चलेको आन्दोलन छाडेर घर फर्किएका थिए तर असार १५ भित्र शिक्षा विधेयक जारी हुन भने सकेन।

# कांग्रेसले नमानेपछि मन्त्री फेर्ने योजना सेलायो

झापा(प्रस) । दुई ठूला दलहरू नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता गठबन्धन भएको साढे १३ महिना भयो। यो अवधिमा प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो मन्त्रिपरिषद्मा (मन्त्री स्वयंकै कारणबाहेक) मन्त्रीहरू हेरफेर गरेका छैनन्।

मन्त्री स्वयंकै कारण दुई मन्त्रालयको नेतृत्व भने फेरिएका छन्। प्रधानमन्त्रीसँग ट्यूनिङ नमिलेपछि तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिइन् भने उनको ठाउँ एमालेकै रघुजी पन्तले लिएका छन्।

घुस डिल प्रकरणमा मुछिएपछि सामान्य प्रशासनमन्त्रीबाट राजीनामा दिएका राजकुमार गुप्ताको ठाउँमा एमालेले भगवती न्यौपानेलाई पठाएको छ। यसबाहेक अन्य मन्त्रीहरू भने प्रधानमन्त्री ओलीसँगै शपथ लिएकाहरू छन्।

सामान्यतया विगतमा एक वर्षपछि मन्त्रिमण्डल हेरफेर हुँदै आएको थियो। यसपटक पनि मन्त्री हेरफेरको प्रयास नभएको होइन प्रधानमन्त्री ओली स्वयं मन्त्रिमण्डल हेरफेरका लागि आन्तरिक छलफलमा जुटेका थिए भने सरकारलाई दुईतिहाइ पुऱ्याउन सघाएका अन्य साना दलहरूले पनि मन्त्री फेर्न चाहेका थिए। तर सत्तारुढ प्रमुख घटक कांग्रेस नै त्यसका लागि तयार भएन। स्थिरताका लागि भनेर बनेको सरकारले प्रधानमन्त्री नबलिँदै मन्त्रीहरू फेरिराख्दा अस्थिरता पैदा हुने र मन्त्रालय सञ्चालन तथा सेवा प्रवाहमा असर पर्ने भएकाले आफूहरू मन्त्री फेर्ने पक्षमा नरहेको कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा बताउँछन्।

'मन्त्री बदल्ने पक्षमा हामी छैनौं। किनभने स्थिरताको नाममा बनाएको सरकारले मन्त्री नबदलिँदै मन्त्रीहरू बदलिराख्यो भने यसले अस्थिरता ल्याउँछ। मन्त्रालय सञ्चालन गर्न र जनतालाई सेवा प्रदान गर्न गाह्रो हुन्छ', उनी भन्छन्, 'त्यसैले मन्त्रीकै कमजोरीका कारण हटाउनुपऱ्यो भने बेग्लै कुरा, होइन भने सामान्य रूपमा काम गरिराखेका मन्त्रीहरूलाई विनाकारण नहटाऔं भन्ने पार्टीको धारणा हो।'

नेता विश्वकर्मा मन्त्री फेर्ने त के यो चर्चा नै गर्न नहुने पक्षमा छन्। त्यस्तो चर्चाले मन्त्री बन्ने चाहना भएकाको दौडधुप बढाउने र पदमा भएका मन्त्रीले पनि कुन बेला



निकालिन्छु भनेर काम नगर्ने अवस्था आउने बुझाइ उनको छ।

'कुनै पनि मन्त्रीले राजीनामा नै गर्नुपर्ने वा हटाउनु पर्ने कारण नभईकन किन हटाउने भन्ने हो। यसले राष्ट्रिय राजनीतिलाई त हो नै, दलीय राजनीतिलाई समेत अस्थिरतामा लैजान्छ', उनी भन्छन्, 'मान्छेमा छिटो मन्त्री बन्ने चाहना हुने र दौडधुप गरिरहने अनि पदमा भएकालाई पनि कुन दिन निकालिन्छु भनेर काम नगर्ने स्थिति हुन्छ। यसले गर्दा मन्त्री फेर्नेतिर नलागौं भन्ने पार्टी सभापतिको, पदाधिकारीको र पार्टीको धारणा हो।'

कांग्रेसले मन्त्री फेर्न नमानेपछि एमालेले पनि तत्काललाई यो विषयको 'च्याप्टर क्लोज' गरेको छ। सरकार एक वर्ष पुगेपछि मन्त्रिपरिषद् हेरफेरका लागि भएको दुई दलका शीर्ष नेताहरूबीचको छलफलमा कांग्रेसले अहिलेकै मन्त्रीहरूलाई निरन्तरता दिने भनेपछि एमाले पनि तत्काललाई मन्त्री नफेर्ने निष्कर्षमा पुगेको हो।

तर आफ्ना पार्टीबाट मन्त्री बनेकाहरूलाई आलोपालो गराउन साना दलहरूबाट प्रधानमन्त्री ओलीमाथि दबाब छ। सोही कारण एमालेले स्पष्ट रूपमा ओली प्रधानमन्त्री भइन्जेल अहिलेकै मन्त्रीहरूलाई निरन्तरता दिने भनिहालेको अवस्था पनि छैन। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम प्रधानमन्त्रीको व्यस्तता अर्कैतिर भएकाले तत्काल मन्त्रिमण्डल हेरफेर नहुने बताउँछन्।

'अब कसरी हुन्छ र! प्रधानमन्त्री चीन जाँदै हुनुहुन्छ। आएपछि पार्टीको विधान महाधिवेशनमा व्यस्त रहनुहुन्छ', उनी भन्छन्, 'त्यसकारण केही समयलाई सम्भव छैन।'

वर्तमान केपी ओली नेतृत्वको सरकारमा कांग्रेस-एमालेसहित अन्य तीन साना दल पनि सहभागी छन्। उनीहरू तत्काल मन्त्री फेर्ने पक्षमा छन्।

खासगरी अशोककुमार राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले वर्तमान सरकार एक वर्ष पुगेसँगै मन्त्री फेर्न चाहेका थिए। उनीहरूले एक वर्षपछि पालो गर्नेगरी नै आफ्ना सांसदहरूलाई सरकारमा पठाएका थिए।

तर साढे १३ महिना बितिसक्दा पनि मन्त्री बन्ने रोलक्रममा रहेकाले मन्त्री बन्न नपाएपछि दलभित्रै कलहको स्थिति उत्पन्न भएको छ।

जसपाले खानेपानीमन्त्री प्रदीप यादव र महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री नवलकिशोर साहलाई फिर्ता बोलाएर वीरेन्द्र महतो र रञ्जु झालाई पठाउने तयारी गरेको छ। मन्त्री फेर्न जसपा अध्यक्ष राईले ५ पटक प्रधानमन्त्रीलाई पत्राचार गरिसकेका छन्।

महतोलाई खानेपानी र झालाई महिला, बालबालिकामन्त्री बनाउने गरी नाम प्रधानमन्त्री कार्यालय पुगिसकेको जनाएको छ।

लोसपाले पनि आफ्नो मन्त्री परिवर्तन गर्न आग्रह गर्दै पत्र लेखिसकेको छ। अहिले लोसपाबाट शरत्सिंह भण्डारी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री छन्। अध्यक्ष ठाकुले नयाँ मन्त्रीका रूपमा पार्टीका वरिष्ठ सह-अध्यक्ष सर्वेन्द्रनाथ शुक्ललाई पठाउने जानकारी प्रधानमन्त्री ओलीलाई गराइसकेका छन्।

लोसपा महासचिव परमेश्वर साहले भने, 'अध्यक्षले प्रधानमन्त्रीलाई पत्र पठाउनुभएको छ। यसबारे पार्टीमा औपचारिक कुरा नभए पनि अनौपचारिक रूपमा उहाँले अब पालो शुक्लाको भन्नुभएको छ।'

लोसपा नेताहरूका अनुसार वर्तमान सरकार गठन हुँदा एक वर्षपछि मन्त्रालय छाड्ने सहमतिमा नै भण्डारी सरकारमा गएका थिए।

तर तत्काल जसपा र लोसपाले भनेजस्तो सहजै मन्त्रिपरिषद् फेरबदलको सम्भावना नरहेको एमाले नेता राजेन्द्र गौतम बताउँछन्।

'सरकारमा रहनुभएका साना दलहरूले माग बुझाउनुभएको छ, ठिक छ', उनी भन्छन्, 'तर पार्टीको विधान महाधिवेशनअघि त केही हुने सम्भावना नै छैन। त्यसपछिका कुरा पछि नै थाहा होला।'

अर्कोतर्फ नागरिक उन्मुक्ति पार्टी (नाउपा) बाट राज्यमन्त्री अरुण चौधरीले राजीनामा दिए पनि स्वीकृत भएको छैन। सरकारलाई दिएको समर्थन फिर्ता लिने र कायम राख्ने आन्तरिक किचलोमा रुमल्लिरहेको नाउपाका राज्यमन्त्री अरुण चौधरीको राजीनामा हालसम्म स्वीकृत नभएको हो।

सरकारलाई दिएको समर्थन फिर्ता गर्ने निर्णयसँगै २२ असारमा नाउपाबाट राज्यमन्त्री बनेका चौधरीले पदबाट राजीनामा दिएका थिए तर स्वीकृत भएको छैन। श्रीमान्-श्रीमतीसमेत रहेका संरक्षक रेशम चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठबीचको किचलोले नाउपा सत्ता वा प्रतिपक्ष खुल्न सकेको छैन ।

यसैबीच अध्यक्ष श्रेष्ठले पार्टीको केन्द्रीय समितिको बैठक बोलाएकी छन्। भदौ १५ र १६ गते कान्तिपथको होटल येलो प्यागोडामा बस्ने गरी बोलाइएको बैठकमा संस्थापक केन्द्रीय सदस्य, प्रतिनिधिसभा सदस्य, प्रदेश सभा सदस्य र पालिका प्रमुख तथा उपप्रमुखलाई समेत बोलाइएको छ।

## सात दलले काठमाडौँमा विरोध प्रदर्शन गर्दै

झापा(प्रस) । विभिन्न सात राजनीतिक दलले विदेशी हस्तक्षेप र साम्राज्यवाद विरुद्ध संयुक्त आन्दोलनमा आउन अपिल गरेका छन् । सन् १८१६ मा भएको सुगौली सन्धि हुँदै एमसीसी सम्झौतासम्म आइपुग्दा



नेपालका शासकहरूको प्रत्यक्ष र परोक्ष सहभागिता रहेको भन्दै उनीहरूले विरोध प्रदर्शनमा सहभागी हुन आह्वान गरेका हुन् ।

यस्तै भदौ ३ गते नेपाललाई कुनै जानकारी नदिई भारत र चीनले लिपुलेक मार्गबाट हुने सीमा पार व्यापार सम्झौता खारेज गर्न माग गरेको छ । नेपाल कम्युनिस्ट पार्टी, समाजवादी कम्युनिस्ट पार्टी नेपाल, श्रमिक जनता पार्टी, नेपाल, ग्रेटर नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी), नेकपा (विद्रोही), नयाँ जनवादी मोर्चा नेपालले शुक्रबार संयुक्त विरोध कार्यक्रम गर्दैछन् ।

सन् १८१६ को सुगौली सन्धि, सन् १९५० को असमान सन्धि, कोशी-गण्डकी सम्झौता, टनकपुर सम्झौता, महाकाली सन्धि, विप्पा सम्झौता, एमसीसी सम्झौता आदिमा नेपालका शासक प्रत्यक्ष-परोक्ष रूपमा त्यसमा सहभागी छन् ।

यसै सिलसिलामा भारत (इन्डिया) र चीन सरकारबिच यही भदौ ३ गते कालापानी लिपुलेक पासबाट व्यापारिक मार्ग खोल्ने भनी गरिएको सहमतिले नेपालको स्वाधीनता, आत्मनिर्णय र भौगोलिक अखण्डताविरुद्ध रणनीतिक हस्तक्षेप गरेको छ, त्यसलाई भारत र चीनले अविलम्ब खारेज गर्नुपर्छ', शुक्रबार पत्रकार सम्मेलन गरी उनीहरूले भनेका छन् ।

### दिगो....

किशोरी र बालिकाको सशक्तीकरण गर्ने मानव विकाससँग सम्बन्धित पाँचौं लक्ष्य हो । लैङ्गिक असमानताले विकासमा बाधा देखियो । महिलाको भूमिका गौण हुँदा समग्र उपलब्धि फलदायी बन्न सकेनन् । महिलाको हितमा ध्यान नदिँदा बालिका र किशोरी समान अवसरको लाभग्राही हुन सकेनन् । समग्रमा मानव विकासको एउटा पक्ष शोषित पीडित हुन पुगेपछि रूपान्तरणका आधारहरू कमजोर देखिए । दिगो विकास लक्ष्यमा लैङ्गिक समानता र सशक्तीकरणका लक्ष्य निर्धारण भयो । नेपालले लैङ्गिक समानता र सशक्तीकरणका लागि नीतिगत सुधारसँगै

अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ । बालिका र किशोरीको शिक्षाका लागि विभिन्न अवसर दिइएको छ । महिलाको सशक्तीकरणका लागि जीविकोपार्जन र व्यावसायिक सिपका अवसर प्रवाह गरिएको छ । राज्यका विभिन्न तहमा समावेशिताले सबैको प्रतिनिधित्व हुने वातावरण बनेको छ । महिला हिंसा, बलात्कार र मानव बेचबिखनका घटनामा बढोत्तरी मुख्य समस्याका रूपमा देखिएका छन् । प्रस्तुत लक्ष्य पूरा गर्न नीतिगत सुधारसँगै समाजिक न्यायको पक्षपोषण र सशक्तीकरणका लागि लगानी बढाउन सके लक्ष्य प्राप्त गर्न सकिन्छ ।

दिगो विकासका १७ वटै लक्ष्य समग्र मानव विकाससँग सम्बन्धित छन् । लक्ष्य प्राप्त गर्न असल शासनको अनुभूति र नागरिक सक्रियतामा ध्यान दिन आवश्यक देखिन्छ । धनी देशका धेरै लक्ष्य प्राप्त भइसकेका भए पनि गरिब राष्ट्रको दिगो विकासका लागि साझेदार हुने र लक्ष्य प्राप्त गर्न सहयोग गर्ने दायित्व लिनुपर्ने दबाब छ । मानव विकाससँग सम्बन्धित पिपुल समूहमा मानवको कल्याणसँगै सबल र सक्षम जीवन बनाउने आधारलाई जोड दिइएको छ । प्रस्तुत लक्ष्यका लागि लगानी गर्ने, मानव विकासका अवरोध हटाउने, आधारभूत आवश्यकताको गुणस्तरीय परिपूर्ति र कार्य सफलताका लागि मार्गचित्रसँगै कार्यान्वयन प्रतिबद्धताले मात्र दिगो लक्ष्य पूरा हुन सक्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६९८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ